"सुरक्षित, सुन्दर समृद्ध गंगाजमुना; कृषि, पर्यटन, पूर्वाधार विकास हाम्रो चाहना"

स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ
वागमती प्रदेश, नेपाल

मितिः २०७६/१२/१८

**दैनिक ज्याला मजदुरहरूको विवरण संकलन गर्ने सम्बन्धी सूचना ।**

श्री ७ वटै वडा कार्यालय
गंगाजमुना गाउँपालिका, धादिङ ।

विश्वमा महामारीको रूपमा फैलिरहेको नोवल कोरोना भाइरस COVID-19 रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन गरेको व्यहोरा सर्वविदितै छ। जसले गर्दा अति विपन्न, दैनिक ज्याला मजदुर गरी जीवन निर्वाह गर्ने व्यक्ति तथा परिवारमा लकडाउनको प्रत्यक्ष रूपमा प्रभाव परेको छ । यस विषम परिस्थितिमा विहान बेलुका खानाको लागि दैनिक ज्याला मजदुर बाहेक अन्य विकल्प नभएका व्यक्ति तथा परिवारहरूलाई न्यूनतम राहत व्यवस्थाको लागि आफ्ना वडा अन्तर्गतका त्यस्ता व्यक्ति तथा परिवारको विवरण यसै साथ संलग्न निवेदनको ढाँचामा यथाशिघ्र उपलब्ध गराउनु हुन ७ वटै वडा कार्यालयहरूलाई यो सूचना जारी गरिएको छ ।

(***पुनश्चः*** राहत मागको निवेदन फाराम गाउँपालिकाको वेव साइट www.gangajamunamun.gov.np तथा फेस बुक पेज Gangajamuna Rural Municipality बाट डाउनलोड गर्न सकिनेछ एवं सम्बन्धित वडा कार्यालयहरूबाट समेत प्राप्त गर्न सकिनेछ ।)

**गंगाजमुना गाउँ कार्यपालिकाको कार्यालय**
**फुलखर्क, धादिङ**